
"राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०८३"



सङ्घीय संसद सचिवालय

संसद भवन

सिंहदरबार।

# उद्देश्य र कारण

मौजुदा राहदानी ऐन, २०७६ मा रहेका व्यवस्था अपुरो भएकोले समयसापेक्ष रूपमा परिमार्जन तथा परिवर्तन गरी ऐन संशोधन गर्नुपर्ने आवश्यकता रहेको छ। अहिलेको विश्वव्यापीकरणको युगमा नेपालबाट रोजगारी, अध्ययन, व्यापार व्यवसाय तथा अन्य विभिन्न प्रयोजनका लागि विदेशी मुलुकमा जाने नेपाली नागरिकहरूको संख्या दैनिक रुपमा बढ्दै गइरहेको छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनका नवीनतम मान्यतालाई सम्बोधन गरी मौजुदा राहदानी ऐन सशोधन गरी जारी गर्नुपर्ने र सोहीअनुसार नियमित र व्यवस्थित गर्नुपर्ने राज्यको दायित्वसमेत सृजना भएको छ ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार राहदानी जारी गर्नु, अस्थायी, कुटनीतिक तथा विशेष राहदानीसम्बन्धी व्यवस्थालाई स्पष्ट पार्नु, राहदानीको वितरण प्रकृयालाई सेवाग्राहीमुखी बनाउनु, राहदानी रद्द गर्ने, जारी नगर्ने वा रोक्का राख्ने प्रकृयालाई स्पष्ट पारी हाल कायम रहेको द्विविधा हटाई सहज र व्यावहारिक बनाउनु, विशेष अवस्थामा विदेशमा रहेका नावालकलाई नियोगद्वारा जारी गरिनु पर्ने अस्थायी राहदानीको विषयमा व्यवहारमा देखिएका समस्याको समाधान गर्नु, कसूर र सजायलाई समय सापेक्ष बनाई राहदानीको दुरुपयोग भए गरेमा दण्डसजायको व्यवस्था गर्नु यस विधेयकका मुख्य उद्देश्य रहेका छन्।

तसर्थ, विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानीसँग सम्बन्धित विषयलाई नियमित र व्यवस्थित गरी राहदानी सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले यो विधेयक यस सम्मानित सदनसमक्ष पेश गरेको छु ।

श्रावण, २०८३

शिशिर खनाल
मन्त्री
परराष्ट्र मन्त्रालय

## आर्थिक टिप्पणी

प्रस्तुत विधेयकमा अन्तर्राष्ट्रिय मान्यताअनुसार राहदानी जारी गर्ने प्रक्रियालाई सरल र पारदर्शी बनाई व्यवस्थित एवं नियमित गर्ने र राहदानीको दुरुपयोगसम्बन्धी कसुर गरेमा दण्डसजायलाई समयानुकुल बनाउन प्रस्ताव गरिएको छ। प्रस्तावित विधेयकबाट मौजुदा संरचनाको सदुपयोग गरी कार्यसञ्चालन हुने भएकोले संशोधित ऐनबाट थप आर्थिक दायित्व पर्न जाने देखिंदैन। आगामी दिनमा नेपालबाट रोजगारी, अध्ययन, व्यापार व्यवसाय तथा अन्य विभिन्न प्रयोजनका लागि विदेशी मुलुकमा जाने नेपाली नागरिकलाई राहदानी सहज र सरल रूपमा प्राप्त हुन जाने भएको र ऐन संशोधन गर्दा नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने भएकोले "राहदानी ऐन, २०७६ लाई सोशोधन गर्न बनेको विधेयक" प्रस्ताव गरिएको छ ।

श्रावण, २०८३

शिशिर खनाल
मन्त्री
परराष्ट्र मन्त्रालय

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

**राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमा रहेका प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहायबमोजिम रहेको छ।**

| क्र.सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | ६ | सरकारी कामको सिलसिलामा विदेश जाने कुन कुन पदाधिकारीलाई कूटनीतिक राहदानी प्रदान गर्ने भन्ने व्यवस्था गर्न आवश्यक भएकाले। | सरकारी कामको सिलसिलामा विदेश जाने पदाधिकारीले पाउने कूटनीतिक राहदानी कुन कुन पदाधिकारीले के कसरी पाउने भन्ने कार्यविधिगत व्यवस्था नियमावलीमा तोकिने। | कूटनीतिक राहदानी पाउने पदाधिकारीहरू तोकिने हुनाले कूटनीतिक राहदानीको प्रयोग मर्यादित हुने। |
| २ | ७ | सरकारी कामको सिलसिलामा विदेश जाँदा कुन कुन पदाधिकारी तथा कर्मचारीलाई विशेष राहदानी प्रदान गर्ने भन्ने व्यवस्था गर्न आवश्यक भएकाले । | सरकारी कामको सिलसिलामा विदेश जाने पदाधिकारी तथा कर्मचारीलाई प्रदान गरिने विशेष राहदानी कुन कुन कर्मचारी तथा पदाधिकारीले के कसरी पाउने भन्ने कार्यविधिगत व्यवस्था नियमावलीमा तोकिने। | विशेष राहदानी प्राप्त गर्ने पदाधिकारी तथा कर्मचारीहरू तोकिने हुनाले स्पष्ट हुन जाने र राहदानीको प्रयोग मर्यादित तथा व्यवस्थित हुने। |

| | | | | |
|---|---|---|---|---|
| ३ | १० | विदेशमा रहेका नेपाली नागरिकको हकमा जैविक विवरण सहितको निवेदन संकलन गर्ने निकायको आवश्यक भएकाले। | विदेशमा रहेका नेपाली नागरिकले के कसरी राहदानीका लागि जैविक विवरण सहितको निवेदन दिन सक्छन भन्ने व्यवस्था नियमावलीमा तोकिने। | विदेशमा रहेका नेपाली नागरिकको हकमा जैविक विवरण सहितको निवेदन संकलन गर्ने निकाय तोकिने भएकाले निजहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधामा सहजता हुने। |
| ४ | १५ को उपदफा १ | राहदानी बाहकले राहदानी हराएको जानकारी दिने निकाय थप गर्न आवश्यक भएकाले । | राहदानी बाहकले राहदानी हराएको जानकारी दिने निकायहरु नियमावलीमा तोकिने। | राहदानीबाहकले राहदानी हराएको जानकारी दिन सक्ने निकायहरु तोकिने भएकाले राहदानी रद्द गर्न सजिलो हुने। |
| ५ | १६ को उपदफा १ र २ | कूटनीतिक र विशेष राहदानी प्रयोग गरी सरकारी कामको सिलसिलामा विदेश जाने पदाधिकारी तथा कर्मचारीले के कति समयसम्म राहदानी प्रयोग गर्न पाउने भन्ने व्यवस्था गर्न आवश्यक भएकोले। | कूटनीतिक र विशेष राहदानी प्रयोग गरी सरकारी कामको सिलसिलामा विदेश जाने पदाधिकारी तथा कर्मचारीले सो राहदानीको के कति समयसम्म प्रयोग गर्न पाउने भन्ने सम्बन्धमा नियमावलीमा तोकिने। | कूटनीतिक र विशेष राहदानी प्रयोग गरी सरकारी कामको सिलसिलामा विदेश जाने पदाधिकारी तथा कर्मचारीको सो राहदानीको प्रयोग सम्बन्धमा एकरुपता आउने। |

| | | | | |
|---|---|---|---|---|
| ६ | १९ को उपदफा २ | विदेशमा अलपत्र अवस्थामा रहेका वा उद्धार गर्नुपर्ने नेपाली नागरिक वा १६ वर्षभन्दा कम उमेरका नाबालकले अस्थायी राहदानी प्राप्त गर्न आवश्यक कागजात, ढाँचा र प्रकृयाका सम्बन्धमा व्यवस्था गर्नुपर्ने भएकाले। | विदेशमा अलपत्र अवस्थामा रहेका वा उद्धार गर्नु पर्ने नेपाली नागरिक वा १६ वर्षभन्दा कम उमेरका नाबालकले राहदानी लिनुपर्ने भएमा के कस्ता कागजात संलग्न गरी कस्तो ढाँचामा निवेदन पेश गर्ने भन्ने व्यवस्था नियमावलीमा तोकिने। | विदेशमा अलपत्र अवस्थामा रहेका वा उद्धार गर्नु पर्ने नेपाली नागरिक र १६ वर्षभन्दा कम उमेरका नाबालकले समेत राहदानी प्राप्त गर्नसक्ने अधिकार सुनिश्चित हुने र राहदानी जारी गरिने प्रक्रिया र निवेदनको ढाँचा स्पष्ट हुने। |
| ७ | दफा २२ को उपदफा ३ | महानिर्देशकले राहदानीको दुरुपयोग रोक्न जरिबानासम्बन्धी सजायको व्यवस्था गर्न आवश्यक भएकोले । | राहदानीको दुरुपयोग रोक्न महानिर्देशकले जरिबानासम्बन्धी सजाय गर्न कार्यविधिगत प्रक्रिया नियमावलीबाट निर्धारण गरिने। | महानिर्देशकले राहदानीको दुरुपयोग रोक्न गर्न सक्ने सजाय सम्बन्धी कार्यविधिगत प्रक्रियासमेत निर्धारण भई दण्ड सजायमा एकरुपता आउने । |

श्रावण, २०८३

(शिशिर खनाल)
मन्त्री
परराष्ट्र मन्त्रालय

## राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २ | परिभाषा | • ऐनमा पटक पटक प्रयोग भएका विभिन्न शब्दहरुलाई उल्लेख गरी ती शब्दहरुको अर्थ स्पष्ट पार्नको लागि विभिन्न शब्दहरुको परिभाषा गरिएको ।<br>• सरकारी कामको सिलसिलामा गरिने विदेश भ्रमणको कार्यक्रमका सम्बन्धमा उत्पन्न हुने गरेको द्विविधालाई स्पष्ट बनाईएको र यसले गर्दा विशेष राहदानी जारी गर्न सहज हुने भएको। |
| ५ | राहदानीको प्रकार | • विदेशमा अलपत्र अवस्थामा रहेका वा उद्धार गर्नु पर्ने नेपाली नागरिक वा नावालकको जन्मदर्ता नभएको वा अन्य विशेष परिस्थितमा नेपाली राहदानी आवश्यक परेको अवस्थामा अस्थायी राहदानी जारी गर्नु पर्ने भएकोले। |
| ६ | कूटनीतिक राहदानी | • नेपालको संविधान बमोजिम राज्यका तीनै अंग, संघ, प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारीलाई सरकारी कामको सिलसिलामा विदेश भ्रमणका निमित्त आवश्यक पर्ने राहदानी जारी गर्ने प्रक्रिया सहज बनाउन। |
| ७ | विशेष राहदानी | • नेपालको संविधान बमोजिम राज्यका तीनै अंग र प्रदेश तथा स्थानीय तहका कर्मचारीलाई सरकारी कामको सिलसिलामा विदेश भ्रमणका निमित्त आवश्यक पर्ने राहदानी जारी गर्ने प्रक्रिया सहज बनाउन। |
| १० | राहदानीको लागि निवेदन दिनुपर्ने | • सक्कलै कागजात बुझाउने भएकोले प्रतिलिपि आवश्यक नरहेको।<br>• विभागमा नै निवेदन दिने निवेदकको हकमा सोको जाँचबुझ गरी राहदानी वितरण विभागले गर्ने भएको हुँदा त्यसको अभिलेख समेत विभागले राख्नु पर्ने।<br>• विभाग बाहेक दूतावास वा जिल्ला प्रशासन कार्यालय लगायतका स्थानमा समेत राहदानी प्राप्तिको निवेदन दिने भएको हुँदा निवेदन संकलन गर्ने निकाय पनि जिम्मेवार बन्न आवश्यक देखिएको।<br>• पहिला नै राहदानी लिएकाको हकमा विभागमा रेकर्ड भए सो रेकर्डसँग भिडाई राहदानी जारी गर्न आवश्यक रहेको।<br>• विदेशमा रहेका नेपाली नागरिकको हकमा मन्त्रालयले निजी क्षेत्र वा अन्य कुनै संस्थामार्फत राहदानीका लागि जैविक विवरण सहितको निवेदन संकलन गर्ने व्यवस्था मिलाउदा राहदानी प्राप्त गर्न सहज हुने। |

| | | |
|---|---|---|
| ११ | राहदानीको वितरण | • निवेदन दिएकै स्थानबाट मात्र राहदानी वितरण गर्दा नागरिकले पाउने सेवामा कठिनाई परी सहजिकरण गर्न आवश्यक भएकोले प्रतिबन्धात्मक वाक्यांश थप गर्नु परेको। |
| १२ | राहदानी जारी नगर्ने वा रोक्का राख्ने | • फौजदारी अपराधको प्रकृति र प्रवृतिमा आएको परिवर्तसँगै राहदानी वितरण प्रकृयालाई थप व्यवस्थित बनाउन व्यक्तिको नाममा राहदानी जारी नगर्न वा रोक्का राख्न सकिने व्यवस्था राखु परेको।<br>• निवेदकले नक्कली वा किर्ते कागजात प्रयोग गरी राहदानी लिएको शङ्का लागेमा विभागले अनुसन्धानको लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिने व्यवस्था राखु परेको। |
| १४ | राहदानीको बहाल अवधि रहँदै राहदानी जारी गर्न सकिने | • राहदानी पुरानो भई पढ्न नसकिने भएमा, च्यातिई, झुत्रो भई वा विवरणमा त्रुटी भई प्रयोग गर्न नमिल्ने भएमा, राहदानीको पानाहरू भरिई पर्याप्त पाना नभएमा, महिलाको थर परिवर्तन भएमा, विभागबाट तयार भईसकेको राहदानी सम्बन्धित व्यक्तिलाई वितरण नहुदै हराएमा वा नासिएमा, नावालकको उमेर सोह्र वर्ष पुगी राहदानी लिन चाहेको अवस्था भएमा सर्वसाधारण जनताको हितको लागि बहाल अवधि रहँदै राहदानी जारी गर्न सकिने व्यवस्था राखु परेको। |
| १५ | राहदानी रद्द गर्न सकिने | • राहदानी जारी गर्ने निकाय विभाग मात्र नभई अन्य निकायबाट समेत निवेदन प्राप्त गरी राहदानी वितरण गर्ने भएको हुँदा अन्य स्थानबाट राहदानी रद्द गर्ने निकायको नाम समेत उल्लेख गरी मिलाईएको।<br>• रद्द गरिएको राहदानीको सक्कल प्रति विभागमा उपलब्ध हुन नसकेमा विभागले त्यसरी रद्द गरिएको जानकारी इन्टरपोललाई दिनुपर्ने व्यवस्था गरिएको । |
| १६ | राहदानीको प्रयोग गर्ने | • जुन प्रयोजनको लागि राहदानी जारी गरिएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गराई राहदानीको प्रयोगलाई सहज बनाई राहदानीको दुरुपयोग रोक्न खोजिएको।<br>• कूटनीतिक वा विशेष राहदानी वाहकले त्यस्तो राहदानीको प्रयोग गर्दा मर्यादित रूपमा आफ्नो ओहोदाको गरिमा रहने गरी तथा नेपालको प्रतिष्ठामा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्ने व्ववस्था गरिएको।<br>• नेपाल सरकारले कूटनीतिक राहदानी, विशेष राहदानी वा सर्भिस राहदानी जुनसुकै बखत फिर्ता लिन वा रद्द गर्न सक्ने व्ववस्था गरिएको। |

| | | |
|---|---|---|
| १९ | अस्थायी राहदानी जारी गर्न सकिने | • विदेशमा रहेका नेपाली नागरिकको राहदानी बहाल रहने अवधि समाप्त भएमा,<br>• राहदानी हराएमा वा नासिएमा वा झुत्रो भएमा वा च्यातिएको भनि निवेदन दिएमा निजलाई नयाँ राहदानी जारी नहुन्जेलसम्मका लागि विदेशमा घुमफिर गर्न तथा नेपाली नागरिक हो भन्ने पहिचानको लागि हाल भएको व्यवस्थाबाट नागरिकले सहज सेवा प्राप्त गर्न नसकेकोले थप सहजिकरण गर्न आवश्यक भएको।<br>• प्राप्त निवेदनउपर जाँचबुझ गर्दा अस्थायी राहदानी जारी गर्न मिल्ने देखिएमा विभागले त्यसको अभिलेख राखी अस्थायी राहदानी जारी गर्न सक्ने व्यवस्था राख्न आवश्यक भएको। |
| २० | विशेष अवस्था मा जारी गर्ने राहदानी | • नेपाली नागरिकको नाबालक छोरा वा छोरी विदेशमा गई बसेको र निज सोह्र वर्ष उमेर पुगेपनि तत्काल नेपाल आई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न पर्याप्त समय नभएको कारण खुलाई निवेदन दिएमा निश्चित समय तोकी राहदानी जारी गर्ने व्यवस्थाले विदेशमा हुने नेपाली नागरिकको व्यवहारिक समस्याको समाधान हुने ।<br>• विदेशमा रहने नेपाली नागरिक बाबुबाट विदेशमा जन्मिएका वा नेपाली नागरिक आमा र विदेशी बाबुबाट विदेशमा जन्मिएका सन्तान र विदेशमा रहने नेपाली नागरिक आमाबाट विदेशमा जन्मिएको र बाबु पत्ता नलागेको सन्तानको हकमा आमाले गरेको स्वःघोषणाको आधारमा नियोगले जन्मदर्ता वा अस्थायी दर्ता गरी दिएको दर्ता नम्बरलाई नाबालक परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको स्थानमा प्रयोग गरी नियोगमा निवेदन दिएमा राहदानी जारी गर्न सकिने विशेष व्यवस्थाको कारण नेपाली नागरिकले भोग्दै आएको व्यवहारिक समस्याको समाधान हुने । |
| २१ | कसुर | • राहदानीको दुरुपयोग रोकी उल्लेखित कार्यलाई कसुर कायम गरी सजायलाई अन्य कानूनसँग समेत मिल्दो बनाई सजायलाई समयानुकुल बनाउन उपयुक्त हुने। |
| २२ | सजाय | • प्रस्तावित कसुरबमोजिम सजायमा समेत तादम्यता मिलाउन उपयुक्त हुने भएको।<br>• यस ऐनको बर्खिलाप हुने गरी बदनियत पूर्वक कुनै कार्य गरेमा दण्डसजायलाई सुधार गरी समयानुकुल बनाउन उपयुक्त हुने भएको। । |

श्रावण, २०८३

शिशिर खनाल

मन्त्री

परराष्ट्र मन्त्रालय

# राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : राहदानी ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राहदानी (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **राहदानी ऐन, २०७६ को दफा २ मा संशोधन** : राहदानी ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) र (छ) को सट्टा देहायका खण्ड (ङ) र (छ) राखिएका छन् :-

"(ङ) "राहदानी" भन्नाले विदेश भ्रमणमा जाने प्रयोजनका लागि नेपाली नागरिकलाई निजको परिचय खुलाई निश्चित बहाल अवधि तोकी नेपाल सरकारबाट वाहकलाई संरक्षण प्रदान गर्न अनुरोध गरी जारी गरेको मेसिन रिडेबल, इलेक्ट्रोनिक वा बायोमेट्रिक राहदानी सम्झनु पर्छ।

(छ) "सरकारी कामको सिलसिलामा विदेश भ्रमण" भन्नाले सङ्घीय सरकार, प्रदेश सरकार वा मातहतको निकाय, स्थानीय तह, सङ्घीय संसद्, प्रदेश सभा वा संवैधानिक निकायको निर्णय बमोजिम देहायको कुनै प्रयोजनको लागि गरिने विदेश भ्रमण सम्झनु पर्छ :-

(१) विदेशी सरकार वा त्यस्तो सरकार मातहतका निकाय, संयुक्त राष्ट्र सङ्घ वा सोको विशिष्टिकृत निकाय, विदेशी सरकारी वा अर्ध सरकारी निकाय वा बहुपक्षीय सन्धि वा सम्झौता वा वडापत्र बमोजिम स्थापित अन्तर्राष्ट्रिय सङ्घ संस्थाको निमन्त्रणामा कुनै बैठक, सम्मेलन, गोष्ठी, सेमिनार, कार्यशाला, अध्ययन, अध्ययन भ्रमण, तालिम वा यस्तै प्रकारको कार्यक्रममा भाग लिने,

(२) शैक्षिक संस्थामा अध्ययन वा तालिममा सहभागी हुने वा कार्यपत्र प्रस्तुत गर्ने,

(३) कुनै बैठक, सम्मेलन, गोष्ठी, सेमिनार, कार्यशाला, अध्ययन, अध्ययन भ्रमण वा अवलोकन, तालिम, विशेष मिसन वा यस्तै प्रकारको कार्यक्रममा भाग लिने,

(४) विदेशस्थित नेपाली नियोगमा खटिई काम गर्ने,

(५) सरकारी खर्चमा उपचार गर्ने, र

(६) संयुक्त राष्ट्र सङ्घको शान्ति मिसनमा खटिई जाने।"

३. **मूल ऐनको दफा ५ मा संशोधन** : मूल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :-

"(ङ) अस्थायी राहदानी।"

४. **मूल ऐनको दफा ६ मा संशोधन** : मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :-

"६. **कूटनीतिक राहदानी** : सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिए बमोजिमका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई देहाय बमोजिमको सिफारिसका आधारमा विभागले कूटनीतिक राहदानी जारी गर्नेछ :-

(क) सङ्घीय संसद्, नेपाल सरकार, सर्वोच्च अदालत वा संवैधानिक निकायको निर्णय बमोजिमको सिफारिस,

(ख) प्रदेश सरकार वा स्थानीय तहको निर्णयबमोजिम भएको मनोनयनका आधारमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयको सिफारिस।"

५. **मूल ऐनको दफा ७ मा संशोधन** : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. **विशेष राहदानी** : सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिए बमोजिमका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई देहाय बमोजिमको सिफारिसका आधारमा विभागले विशेष राहदानी जारी गर्नेछ :-

(क) सङ्घीय संसद्, नेपाल सरकार, सर्वोच्च अदालत वा संवैधानिक निकायको निर्णय बमोजिमको सिफारिस,

(ख) प्रदेश सरकार वा स्थानीय तहको निर्णय बमोजिम भएको मनोनयनका आधारमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयको सिफारिस।"

६. **मूल ऐनको दफा १० मा संशोधन** : मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) मा रहेका "नागरिकताको प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि" भन्ने शब्दहरूको सट्टा "नागरिकताको प्रमाणपत्र" र "राष्ट्रिय परिचयपत्रको

सक्कल र सोको प्रतिलिपि" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय परिचयपत्र" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (१) वा (२) बमोजिम राहदानीका लागि परेका निवेदनउपर जाँचबुझ गर्दा राहदानी जारी गर्न मिल्ने देखिएमा विभागले त्यसको अभिलेख राखी राहदानी जारी गर्नेछ।"

(३) उपदफा (४) पछि देहायका उपदफा (५), (६) र (७) थपिएका छन् :-

"(५) यस दफाबमोजिम राहदानीका लागि विभाग बाहेक अन्य निकायमा निवेदन परेकोमा त्यस्तो निकायले जाँचबुझ गर्दा राहदानी जारी गर्न मिल्ने देखिएमा राहदानी जारी गर्नका लागि विभागमा सिफारिस गरी पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिस भई आएमा विभागले आफ्नो अभिलेखसँग भिडाई राहदानी जारी गरी सोको अभिलेख राख्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहेका नेपाली नागरिकको हकमा मन्त्रालयले तोकिए बमोजिम निजी क्षेत्र वा अन्य कुनै संस्थामार्फत राहदानीका लागि जैविक विवरण सहितको निवेदन संकलन गर्ने व्यवस्था मिलाउन सक्नेछ।"

७. **मूल ऐनको दफा ११ मा संशोधन** : मूल ऐनको दफा ११ को उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर राहदानीको लागि नियोगमा निवेदन दिई राहदानी प्राप्त नहुँदै निवेदक नेपाल फर्केको अवस्थामा विभागबाट र नेपालमा निवेदन दिई राहदानी प्राप्त नहुँदै निवेदक विदेश गएको अवस्थामा सम्बन्धित नेपाली नियोगबाट राहदानी वितरण गर्न बाधा पर्नेछैन।"

८. **मूल ऐनको दफा १२ मा संशोधन** : मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :-

"१२. **राहदानी जारी नगर्ने वा रोक्का राख्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिको नाममा राहदानी जारी नगर्न वा रोक्का राख्न सकिनेछ :-

(क) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागु औषध ओसारपसार तथा कारोबार, अवैध हात हतियारको कारोबार, सङ्गठित अपराध वा आतङ्कवाद

सम्बन्धी कसुर, ज्यान सम्बन्धी कसुर, जबरजस्ती करणी वा जन्म कैदको सजाय हुने अन्य कुनै कसुरको अभियोगमा अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएको,

(ख) खण्ड (क) बमोजिमको कसुरको अभियोगमा अदालतमा मुद्दा चलिरहेको अवस्थामा अदालतको आदेशबमोजिम राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएको वा त्यस्तो कसुरको अभियोगमा अदालतबाट कसुरदार ठहर भई अदालत वा प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकायबाट राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएको,

(ग) नेपाल सरकार वा अदालतबाट विदेश जान रोक लगाउने वा राहदानी जारी नगर्ने आदेश भई सोबमोजिम सम्बन्धित निकायबाट लेखी पठाएको,

(घ) विदेशी मुलुकमा शरणार्थी दर्जा प्राप्त गरेको वा प्राप्त गर्नको लागि आवेदन गरेको,

तर विदेशी मुलुकमा शरणार्थी दर्जा प्राप्त गरेको वा प्राप्त गर्नको लागि आवेदन गरेको भए तापनि यात्रा अनुमतिपत्र जारी गर्न बाधा पर्नेछैन।

(ङ) राहदानी जारी गर्ने निकायले आधार र कारण खुलाई राहदानी जारी नगर्ने वा रोक्का राख्ने भनी निर्णय गरेको।

(२) उपदफा (१) बमोजिम राहदानी रोक्का राख्न लेखी पठाउनुपर्ने भएमा सो प्रयोजनको लागि विभागले अध्यागमन विभागमा लेखी पठाउनु पर्नेछ ।

(३) विभागले उपदफा (१) बमोजिमको कारणबाट राहदानी जारी गर्न नसक्ने भएमा तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्थामा अदालतबाट राहदानी जारी गर्न वा रोक्का नराख्न आदेश भएमा सो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिम चलिरहेको मुद्दामा अदालतबाट सफाइ पाएमा वा कसुर ठहर भएकोमा कानूनबमोजिम सजाय भुक्तान गरेमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ।

(६) उपदफा (१) को खण्ड (ग) बमोजिमको अवस्था विद्यमान नरहेको भनी सम्बन्धित निकायबाट लेखी आएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न सकिनेछ।

(७) निवेदकले नक्कली वा किर्ते कागजात प्रयोग गरी राहदानी लिएको शङ्का लागेमा विभागले अनुसन्धानको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।"

९. **मूल ऐनको दफा १४ मा संशोधन** : मूल ऐनको दफा १४ मा रहेका "दफा १२ को उपदफा (१) को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि राहदानी वाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको भए तापनि देहायको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिनेछ :- " भन्ने शब्दहरूको सट्टा "देहायको कुनै अवस्थामा राहदानीको बहाल अवधि बाँकी रहेको भए तापनि उक्त राहदानी रद्द गरी नयाँ राहदानी जारी गर्न सकिनेछ :-" भन्ने शब्दहरू राखी सोही दफाको खण्ड (क) मा रहेको "च्यातिई," भन्ने शब्दपछि "हराई," भन्ने शब्द थपिएको छ।

१०. **मूल ऐनको दफा १५ मा संशोधन** : मूल ऐनको दफा १५ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेका "विभाग वा नियोगलाई" भन्ने शब्दहरूको सट्टा "विभाग, नियोग, जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालय वा नेपाल सरकारले तोकेको अन्य निकायलाई" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) राहदानी वाहकले नक्कली, किर्ते, अर्काको नामको वा दोहोरो नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी वा झुट्टा विवरण पेस गरी राहदानी प्राप्त गरेमा,"

(ग) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

"(ङ१) अधिकारप्राप्त अधिकारी बाहेक अन्य कसैले राहदानीमा भएको विवरण परिवर्तन गरेमा,"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम रद्द गरिएको राहदानीको सक्कल प्रति विभागमा उपलब्ध हुन नसकेमा विभागले त्यसरी रद्द गरिएको जानकारी इन्टरपोललाई दिनु पर्नेछ।"

११. **मूल ऐनको दफा १६ मा संशोधन** : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

"१६. **कूटनीतिक राहदानी र विशेष राहदानीको प्रयोग** : (१) कूटनीतिक राहदानी र विशेष राहदानी देहायको विदेश भ्रमणको सिलसिलामा बाहेक अन्य काममा प्रयोग गर्न सकिने छैन :-

(क) सरकारी कामको सिलसिलामा विदेश भ्रमण,

(ख) खण्ड (क) बमोजिमको भ्रमणमा जाँदा नेपाल नफर्किएसम्म भ्रमण कार्यक्रमका अतिरिक्त बढीमा तिस दिनसम्म गरिने व्यक्तिगत भ्रमण,

(ग) नियोगमा कार्यरत कर्मचारीले नियोगबाट रमाना लिई नेपाल नफर्किएसम्म बढीमा नब्बे दिनसम्म गर्ने व्यक्तिगत भ्रमण, र

(घ) तोकिए बमोजिमको अन्य भ्रमण।

(२) कूटनीतिक राहदानी वा विशेष राहदानी प्राप्त गरेको पदाधिकारी वा कर्मचारीले उपदफा (१) बमोजिमको प्रयोजन समाप्त भएपछि वा त्यस्तो पदाधिकारी वा कर्मचारी पदमुक्त भएमा वा निलम्बनमा परेमा निजले त्यस्तो राहदानी तोकिएको अवधिभित्र विभागमा बुझाउनु पर्नेछ।

तर तोकिएको सार्वजनिक पद धारण गरेको व्यक्तिले तोकिए बमोजिमको अवधिसम्म कूटनीतिक वा विशेष राहदानी आफूसँग राख्न सक्नेछ।

(३) कूटनीतिक वा विशेष राहदानी वाहकले त्यस्तो राहदानीको प्रयोग गर्दा मर्यादित रूपमा आफ्नो ओहोदाको गरिमा रहनेगरी तथा नेपालको प्रतिष्ठामा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ।

(४) नेपाल सरकारले कूटनीतिक राहदानी, विशेष राहदानी वा सर्भिस राहदानी जुनसुकै बखत फिर्ता लिन वा रद्द गर्न सक्नेछ।"

१२. **मूल ऐनको दफा १९ मा संशोधन** : मूल ऐनको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छ :-

"१९. **अस्थायी राहदानी जारी गर्नसक्ने** : (१) विभागले देहायको अवस्थामा दुई वर्ष अवधिको अस्थायी राहदानी जारी गर्न सक्नेछ :-

(क) दफा १० बमोजिम राहदानीको लागि निवेदन दिन निवेदक आफैं सम्बन्धित निकायमा उपस्थित हुन नसकेमा,

(ख) कुनै नेपाली नागरिकको नाबालक छोरा वा छोरी विदेशमा गई बसेको र निज सोह्र वर्ष उमेर पुगी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिनसकेको अवस्थामा निजले विदेशी मुलुकको नागरिकता नलिएको तथा विदेशी नागरिकता प्राप्तिको लागि निवेदन नदिएको प्रमाण सहित निवेदन दिएमा,

(ग) दफा २० को उपदफा (२) बमोजिम नाबालक परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र बनाउन नसकेको कारण जनाई निवेदन दिएमा।

(२) उपदफा (१) बमोजिमको अस्थायी राहदानी लिन चाहने नेपाली नागरिकले तोकिए बमोजिमका कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा विभाग वा नियोगमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गर्दा अस्थायी राहदानी जारी गर्न मिल्ने देखिएमा विभागले त्यसको अभिलेख राखी अस्थायी राहदानी जारी गर्नेछ।"

१३. **<u>मूल ऐनको दफा २० मा संशोधन</u>** : मूल ऐनको दफा २० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) देहायको विशेष अवस्थामा विभागले आवश्यक जाँचबुझ गरी पाँच वर्ष अवधि बहाल रहने गरी साधारण राहदानी जारी गर्न सक्नेछ :-

(क) विदेशमा रहने नेपाली नागरिक बाबुबाट विदेशमा जन्मिएका सन्तानको हकमा नियोगले जन्मदर्ता वा अस्थायी दर्ता गरी दिएको दर्ता नम्बरलाई नाबालक परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको स्थानमा प्रयोग गरी नियोगमा निवेदन दिएमा,

(ख) नेपाली नागरिक आमा र विदेशी बाबुबाट विदेशमा जन्मिएका सन्तानको हकमा बाबु नागरिक रहेको मुलुकले राहदानी जारी नगरेको भनी आमाले गरेको स्वःघोषणाको आधारमा नियोगले जन्मदर्ता वा अस्थायी दर्ता गरी दिएको दर्ता नम्बरलाई नाबालक परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको स्थानमा प्रयोग गरी नियोगमा निवेदन दिएमा,

(ग) विदेशमा रहने नेपाली नागरिक आमाबाट विदेशमा जन्मिएको र बाबु पत्ता नलागेको सन्तानको हकमा आमाले गरेको स्वःघोषणाको आधारमा नियोगले जन्मदर्ता वा अस्थायी दर्ता गरी

दिएको दर्ता नम्बरलाई नाबालक परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको स्थानमा प्रयोग गरी नियोगमा निवेदन दिएमा।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) उपदफा (१) बमोजिम जारी भएको राहदानीको अवधिभित्र नाबालकको अभिभावकले नेपालमा आई नागरिकता सम्बन्धी प्रचलित कानूनबमोजिम नाबालक परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र लिनु पर्नेछ।"

(३) उपदफा (२)पछि देहायको उपदफा (३) थपिएको छ :-

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको प्रचलित कानूनबमोजिम नाबालक परिचयपत्र प्राप्त गर्ने योग्यता नपुगेको नाबालकको नाममा राहदानी जारी गरिनेछैन।"

१४. **<u>मूल ऐनको दफा २१ मा संशोधन</u>** : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः-

"**२१. <u>कसुर</u>** : कसैले देहायको कुनै कार्य गरेमा, गर्न लगाएमा वा गर्न सहयोग गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ:-

(क) नक्कली वा किर्ते नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी राहदानी वा यात्रा अनुमतिपत्र लिएमा,

(ख) अर्काको नामको वा दोहोरो नागरिकता, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी राहदानी लिएमा,

(ग) आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिएमा वा अर्काको नामको राहदानी प्रयोग गरेमा,

(घ) अधिकारप्राप्त अधिकारी बाहेक कसैले अन्य व्यक्तिको राहदानी निजको मञ्जुरी नलिई बदनियतपूर्वक नियन्त्रणमा राखेमा,

(ङ) एक वर्षभन्दा बढी जन्म मिति फरक पारी राहदानी प्राप्त गरेमा,

(च) झुट्टा विवरण पेस गरी राहदानी प्राप्त गरेमा,

(छ) जुन उद्देश्यका लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यको लागि राहदानी प्रयोग गरेमा,

(ज) अधिकारप्राप्त अधिकारी बाहेक अन्य कसैले राहदानीमा भएको विवरण परिवर्तन गरेमा,

(झ) यस ऐनको बर्खिलाप हुने गरी बदनियत पूर्वक अन्य कुनै कार्य गरेमा।"

१५. **मूल ऐनको दफा २२ मा संशोधन** : मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छ :-

"२२. **सजाय** : (१) दफा २१ बमोजिमको कसुर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क), (ख), (ग), (घ), (छ) वा (ज) बमोजिमको कसुर गर्नेलाई दुई लाख रुपैयाँदेखि पाँचलाख रुपैयाँसम्म जरिबाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय,

(ख) खण्ड (ङ) बमोजिमको कसुर गर्नेलाई दश हजार रुपैयाँ जरिबाना,

(ग) खण्ड (च) बमोजिमको कसुर गर्नेलाई एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड (झ) बमोजिमको कसुर गर्नेलाई तिस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना।

(२) उपदफा (१) मा उल्लिखित सजाय हुने कसुर गर्न कसैले आदेश दिएमा वा दुरुत्साहन गरेमा कसुरदारलाई भए सरह र त्यस्तो कसुरको उद्योग गर्ने वा त्यस्तो कसुर गर्न सहयोग गर्ने मतियारलाई त्यस्तो कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख), (ग) वा (घ) बमोजिम सजाय हुने कसुरको हकमा तोकिए बमोजिमको कार्यविधि अवलम्बन गरी विभागको महानिर्देशकले जरिबाना गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम विभागको महानिर्देशकले गरेको जरिबानाको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको जानकारी प्राप्त भएको मितिले पैंतीस दिनभित्र विभाग रहेको प्रदेशको उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।"

१६. **मूल ऐनको दफा २९ मा संशोधन** : मूल ऐनको दफा २९ मा रहेका "यस ऐन अन्तर्गत सजाय हुने कसुर" भन्ने शब्दहरूको सट्टा "दफा २२ को उपदफा (३) बमोजिम

महानिर्देशकले जरिबाना गर्न सक्ने कसुर बाहेक यस ऐन अन्तर्गत सजाय हुने अन्य कसुर" भन्ने शब्दहरू राखिएका छन्।

# राहदानी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी तीन महले विवरण

| क्र.स. | दफा | हाल भएको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा २ | दफा २: (ङ) "राहदानी" भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई नेपाल सरकारबाट दिइने मेशिन रिडेवल, इलेक्ट्रोनिक वा बायोमेट्रिक राहदानी सम्झनु पर्छ।<br>(छ) सरकारी कामको सिलसिलामा गरिने भ्रमण भन्नाले सङ्घीय एवं प्रदेश सरकार र मातहतका निकाय, स्थानीय तह, सङ्घीय संसद, प्रदेश सभा र संवैधानिक निकायहरुको निर्णय बमोजिम तोकिएका कामको लागि गरिने भ्रमण तथा विदेशी, सरकारी, अर्धसरकारी एवं अन्तर्राष्ट्रिय मान्यताप्राप्त संस्थाहरुको औपचारिक निमन्त्रणामा गरिने भ्रमणलाई सम्झनु पर्छ । | **१. <u>मूल ऐनको दफा २ मा संशोधनः</u>**<br>दफा २ को खण्ड (ङ) र (छ) को सट्टा देहायका खण्ड (ङ) र (छ) राखिएका छनः-<br>(ङ) "राहदानी" भन्नाले विदेश भ्रमणमा जाने प्रयोजनका लागि नेपाली नागरिकलाई निजको परिचय खुलाई निश्चित बहाल अवधि तोकी नेपाल सरकारबाट वाहकलाई संरक्षण प्रदान गर्न अनुरोध गरी जारी गरेको मेसिन रिडेबल, इलेक्ट्रोनिक वा बायोमेट्रिक राहदानी सम्झनु पर्छ।<br>(छ) "सरकारी कामको सिलसिलामा विदेश भ्रमण" भन्नाले सङ्घीय सरकार, प्रदेश सरकार वा मातहतको निकाय, स्थानीय तह, सङ्घीय संसद, प्रदेश सभा वा संवैधानिक निकायको निर्णय बमोजिम देहायको कुनै प्रयोजनको लागि गरिने विदेश भ्रमण सम्झनु पर्छः-<br>(1) विदेशी सरकार वा त्यस्तो सरकार मातहतका निकाय, संयुक्त राष्ट्रसङ्घ वा सोको विशिष्टिकृत निकाय, विदेशी सरकारी वा अर्धसरकारी निकाय वा बहुपक्षीय सन्धि वा सम्झौता वा वडापत्र बमोजिम स्थापित अन्तर्राष्ट्रिय सङ्घ संस्थाको निमन्त्रणामा कुनै बैठक, सम्मेलन, गोष्ठी, सेमिनार, कार्यशाला, अध्ययन, अध्ययन भ्रमण, तालिम वा यस्तै प्रकारको कार्यक्रममा भाग लिने, | अन्तराष्ट्रिय मान्यता अनुरूप राहदानीको परिभाषा वृहत बनाउन तथा सरकारी कामको सिलसिलामा गरिने भ्रमणलाई स्पष्ट गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | (2) शैक्षिक संस्थामा अध्ययन वा तालिममा सहभागी हुने वा कार्यपत्र प्रस्तुत गर्ने,<br>(3) कुनै बैठक, सम्मेलन, गोष्ठी, सेमिनार, कार्यशाला, अध्ययन, अध्ययन भ्रमण वा अवलोकन, तालिम, विशेष मिसन वा यस्तै प्रकारको कार्यक्रममा भाग लिने,<br>(4) विदेशस्थित नेपाली नियोगमा खटिई काम गर्ने,<br>(5) सरकारी खर्चमा उपचार गर्ने, र<br>(6) संयुक्त राष्ट्रसङ्घको शान्ति मिसनमा खटिई जाने।" | |
| २ | दफा ५ | साविकमा नभएको। | **२. <u>मूल ऐनको दफा ५ मा संशोधनः</u>**<br>दफा ५ को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-<br>"(ङ) अस्थायी राहदानी।" | विदेशमा जाने नेपालीको संख्या बढ्दै गएको अवस्थामा यस प्रकारको राहदानी जारी हुन आवश्यक देखिएको। |
| ३ | दफा ६ | **कूटनीतिक राहदानीः** सरकारी कामको सिलसिलामा वा विशेष कामको लागि विदेश भ्रमणमा जाने तोकिए बमोजिमका पदाधिकारीलाई सम्बन्धित मन्त्रालय, संवैधानिक निकाय वा सचिवालयबाट निर्णय वा सिफारिस भई आएमा विभागले कूटनीतिक राहदानी जारी गर्नेछ । | **३. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u>**<br>दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-<br>६. **<u>कूटनीतिक राहदानीः</u>** सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिए बमोजिमका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई देहाय बमोजिमको सिफारिसका आधारमा विभागले कूटनीतिक राहदानी जारी गर्नेछः-<br>(क) सङ्घीय संसद्, नेपाल सरकार, सर्वोच्च अदालत वा संवैधानिक निकायको निर्णय बमोजिमको सिफारिस, | संघीयता अनुरुप हुने गरी कुटनीतिक राहदानीको परिभाषालाई स्पष्ट पार्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | (ख) प्रदेश सरकार वा स्थानीय तहको निर्णय बमोजिम भएको मनोनयनका आधारमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयको सिफारिस । | |
| ४ | दफा ७ | **विशेष राहदानीः** नेपाल सरकार, प्रदेश सरकार वा कुनै सरकारी निकायबाट मनोनयन भई सरकारी काम, अध्ययन, अध्ययन भ्रमण वा तालीमको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिए बमोजिमका पदाधिकारी तथा कर्मचारीलाई सम्बन्धित निकायबाट निर्णय सहित लेखी आएमा विभागले विशेष राहदानी जारी गर्नेछ । | **४. मूल ऐनको दफा ७ मा संशोधनः**<br>दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-<br>"७. **विशेष राहदानीः** सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जाने तोकिए बमोजिमका पदाधिकारी, कर्मचारी वा विशिष्ट व्यक्तिलाई देहाय बमोजिमको सिफारिसका आधारमा विभागले विशेष राहदानी जारी गर्नेछः-<br>(क) सङ्घीय संसद्, नेपाल सरकार, सर्वोच्च अदालत वा संवैधानिक निकायको निर्णय बमोजिमको सिफारिस,<br>(ख) प्रदेश सरकार वा स्थानीय तहको निर्णय बमोजिम भएको मनोनयनका आधारमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयको सिफारिस । | संघीयता अनुरुप हुने गरी विशेष राहदानीको परिभाषालाई स्पष्ट पार्न आवश्यक भएकोले। |
| ५ | दफा १० | **राहदानीको लागि निवेदन दिनु पर्नेः** (१) राहदानी लिन चाहने नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि वा नेपाल सरकारबाट जारी राष्ट्रिय परिचयपत्रको सक्कल र सोको प्रतिलिपि तथा तोकिए बमोजिमका कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा विभाग, नियोग वा तोकिएको निकायमा निवेदन दिनु पर्नेछ । | **५. मूल ऐनको दफा १० मा संशोधनः**<br>दफा १० को,-<br>(४) उपदफा (१) मा रहेका "नागरिकताको प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि" भन्ने शब्दहरूको सट्टा "नागरिकताको प्रमाणपत्र" र "राष्ट्रिय परिचयपत्रको सक्कल र सोको प्रतिलिपि" भन्ने शब्दहरूको सट्टा "राष्ट्रिय परिचयपत्र" भन्ने शब्दहरू राखिएका छन्।<br>(५) उपदफा (४) को सट्टा देहायको उपदफा (४) | राहदानीको लागि निवेदन दिने निकाय फरक फरक हुने भएको हुँदा सबै निकायलाई समानरुपमा जिम्मेवार बनाउन आवश्यक देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्षभन्दा कम उमेरका नाबालक नेपाली नागरिकको हकमा निवेदक सहित निजको बाबु, आमा, संरक्षक वा माथवर व्यक्तिमध्ये कसैले तोकिए बमोजिमका कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ ।<br><br>(३) नाबालकको नाममा राहदानी जारी गर्न निजको बाबु, आमा, संरक्षक वा माथवर व्यक्तिमध्ये कसैले निवेदन नदिएको भए तापनि देहायको अवस्थामा विभागले राहदानी जारी गर्न सक्नेछः-<br>(क) अदालतले त्यस्तो नाबालकको नाममा राहदानी जारी गर्न आदेश जारी गरेमा, वा<br>(ख) तोकिए बमोजिमको अन्य अवस्थामा ।<br>(४) उपदफा (१) र (२) बमोजिम राहदानीका लागि परेका निवेदनउपर विभागले जाँचबुझ गर्दा राहदानी जारी गर्न मिल्ने देखिएमा त्यसको अभिलेख राखी राहदानी जारी गर्नेछ । | राखिएको छ :-<br>"(४) उपदफा (१) वा (२) बमोजिम राहदानीका लागि परेका निवेदनउपर जाँचबुझ गर्दा राहदानी जारी गर्न मिल्ने देखिएमा विभागले त्यसको अभिलेख राखी राहदानी जारी गर्नेछ।"<br>(६) उपदफा (४) पछि देहायका उपदफा (५), (६) र (७) थपिएका छन् :-<br>"(५) यस दफाबमोजिम राहदानीका लागि विभाग बाहेक अन्य निकायमा निवेदन परेकोमा त्यस्तो निकायले जाँचबुझ गर्दा राहदानी जारी गर्न मिल्ने देखिएमा राहदानी जारी गर्नका लागि विभागमा सिफारिस गरी पठाउनु पर्नेछ।<br>(६) उपदफा (५) बमोजिम सिफारिस भई आएमा विभागले आफ्नो अभिलेखसँग भिडाई राहदानी जारी गरी सोको अभिलेख राख्नेछ।<br>(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहेका नेपाली नागरिकको हकमा मन्त्रालयले तोकिए बमोजिम निजी क्षेत्र वा अन्य कुनै संस्थामार्फत राहदानीका लागि जैविक विवरण सहितको निवेदन संकलन गर्ने व्यवस्था मिलाउन सक्नेछ।" | |
| ६ | दफा | **राहदानीको वितरणः** (१) राहदानीको लागि जुन | **६. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u>** | राहदानीको वितरण |

| | | | | |
|---|---|---|---|---|
| | ११ | निकायमा निवेदन दिएको छ सोही निकायले अभिलेख राखी राहदानी वितरण गर्नेछ।<br><br>साविकमा प्रतिबन्धात्मक वाक्यांश नभएको । | दफा ११ को उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-<br><br>"तर राहदानीको लागि नियोगमा निवेदन दिई राहदानी प्राप्त नहुँदै निवेदक नेपाल फर्केको अवस्थामा विभागबाट र नेपालमा निवेदन दिई राहदानी प्राप्त नहुँदै निवेदक विदेश गएको अवस्थामा सम्बन्धित नेपाली नियोगबाट राहदानी वितरण गर्न बाधा पर्ने छैन।" | प्रकृयालाई सहजिकरण गरी सेवा प्रवाहलाई सहज बनाउन आवश्यक भएकोले। |
| ७ | दफा १२ | **राहदानी जारी नगर्ने वा रोक्का राख्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिको नाममा राहदानी जारी नगर्न वा रोक्का राख्न सकिनेछः<br><br>(क) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतङ्कवाद सम्बन्धी कसूरको अभियोगमा अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएको,<br><br>(ख) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतङ्कवाद सम्बन्धी कसूरको अभियोगमा अदालतमा मुद्दा चलिरहेको अवस्थामा अदालतको आदेश बमोजिम त्यस्ता व्यक्तिको | **७. <u>मूल ऐनको दफा १२ मा संशोधनः</u>**<br><br>दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-<br><br>"१२. **राहदानी जारी नगर्ने वा रोक्का राख्ने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिको नाममा राहदानी जारी नगर्न वा रोक्का राख्न सकिनेछ :-<br><br>(च) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागु औषध ओसारपसार तथा कारोबार, अवैध हात हतियारको कारोबार, सङ्गठित अपराध वा आतङ्कवाद सम्बन्धी कसुर, ज्यान सम्बन्धी कसुर, जबरजस्ती करणी वा जन्म कैदको सजाय हुने अन्य कुनै कसुरको अभियोगमा अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएको,<br><br>(छ) खण्ड (क) बमोजिमको कसुरको अभियोगमा अदालतमा मुद्दा चलिरहेको अवस्थामा अदालतको | हाल कायम रहेको राहदानी जारी नगर्ने वा रोक्का राख्ने अवस्थाको कार्यान्वयनका क्रममा आइपरेका व्यवहारिक समस्या हल गर्न आवश्यक देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | राहदानी जारी नगर्न वा रोक्का राख्न अदालतले लेखी पठाएको,<br><br>(ग) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतङ्कवाद सम्बन्धी कसूरको अभियोगमा अदालतबाट कसूरदार ठहर भई सजाय भोगिरहेको,<br><br>(घ) बैङ्क तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानून बमोजिम कालोसूचीमा परेको,<br><br>(ङ) मनासिब माफिकको कारण सहित नेपाल सरकार वा अदालतको आदेशबाट विदेश जान रोक लगाएको वा राहदानी जारी नगर्न वा जारी भएको राहदानी रोक्का राख्न आदेश भएको,<br><br>(च) राहदानी जारी गर्ने निकायले आधार र कारण खुलाई जारी नगर्ने वा राहदानी रोक्का राख्ने भनी निर्णय गरेको,<br><br>(छ) राहदानी बाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको ।<br><br>(२) विभागले उपदफा (१) बमोजिमको कारणबाट | आदेशबमोजिम राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएको वा त्यस्तो कसुरको अभियोगमा अदालतबाट कसुरदार ठहर भई अदालत वा प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकायबाट राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएको,<br><br>(ज) नेपाल सरकार वा अदालतबाट विदेश जान रोक लगाउने वा राहदानी जारी नगर्ने आदेश भई सोबमोजिम सम्बन्धित निकायबाट लेखी पठाएको,<br><br>(झ) विदेशी मुलुकमा शरणार्थी दर्जा प्राप्त गरेको वा प्राप्त गर्नको लागि आवेदन गरेको,<br><br>तर विदेशी मुलुकमा शरणार्थी दर्जा प्राप्त गरेको वा प्राप्त गर्नको लागि आवेदन गरेको भए तापनि यात्रा अनुमतिपत्र जारी गर्न बाधा पर्नेछैन।<br><br>(ञ) राहदानी जारी गर्ने निकायले आधार र कारण खुलाई राहदानी जारी नगर्ने वा रोक्का राख्ने भनी निर्णय गरेको।<br><br>(२) उपदफा (१) बमोजिम राहदानी रोक्का राख्न लेखी पठाउनुपर्ने भएमा सो प्रयोजनको लागि विभागले अध्यागमन विभागमा लेखी पठाउनु पर्नेछ ।<br><br>(३) विभागले उपदफा (१) बमोजिमको कारणबाट राहदानी जारी गर्न नसक्ने भएमा तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ। | |

| | | | | |
|---|---|---|---|---|
| | | साधारण राहदानी जारी गर्न नसक्ने भएमा सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।<br><br>(३) उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्थामा अदालतबाट राहदानी जारी गर्न वा राहदानी रोक्का नराख्न आदेश भएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ।<br>(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको कसूरमा अदालतबाट सफाइ पाएमा वा खण्ड (घ) बमोजिमको कसूरमा कानून बमोजिम सजाव भुक्तान गरेमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ ।<br><br>(५) उपदफा (१) को खण्ड (घ), (ङ) वा (च) बमोजिमको अवस्था विद्यमान नरहेको भनी सम्बन्धित निकायबाट लेखि आएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न सकिनेछ । | (४) उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्थामा अदालतबाट राहदानी जारी गर्न वा रोक्का नराख्न आदेश भएमा सो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ।<br>(५) उपदफा (१) को खण्ड (ख) बमोजिम चलिरहेको मुद्दामा अदालतबाट सफाइ पाएमा वा कसुर ठहर भएकोमा कानूनबमोजिम सजाय भुक्तान गरेमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ।<br>(६) उपदफा (१) को खण्ड (ग) बमोजिमको अवस्था विद्यमान नरहेको भनी सम्बन्धित निकायबाट लेखी आएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न सकिनेछ।<br>(७) निवेदकले नक्कली वा किर्ते कागजात प्रयोग गरी राहदानी लिएको शङ्का लागेमा विभागले अनुसन्धानको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।" | |
| ८ | दफा १४ | **राहदानीको बहाल अवधि रहँदै राहदानी जारी गर्न सकिनेः** दफा १२ को उपदफा (१) को खण्ड (छ) मा जनसकै कुरा लेखिएको भए तापनि राहदानी बाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि | **८. <u>मूल ऐनको दफा १४ मा संशोधनः</u>**<br>दफा १४ को,-<br>मूल ऐनको दफा १४ मा रहेका "दफा १२ को उपदफा (१) को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि | राहदानी हराएमा वा च्यातिएमा स्वदेश फर्कन, विदेश यात्रा गर्न नयाँ राहदानी बनाउन आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | एक वर्षभन्दा बढी बाँकी रहेको भए तापनि देहायको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिनेछः<br>(क) राहदानी पुरानो भई पढ्न नसकिने भएमा, च्यातिई, झुत्रो भई वा विवरणमा त्रुटि भई प्रयोग गर्न नमिल्ने भएमा,<br>(ख) राहदानीका पानाहरू भरिई पर्याप्त पाना नभएमा,<br>(ग) थर परिवर्तन भएमा,<br>(घ) विभागबाट तयार भइसकेको राहदानी सम्बन्धित व्यक्तिलाई वितरण नहुँदै हराएमा वा नासिएमा,<br>(ङ) नाबालकको उमेर सोह्र वर्ष पुगी राहदानी लिन चाहेमा,<br>(च) विशेष अवस्थामा राहदानी जारी भएको अवस्था भएमा,<br>(छ) तोकिए बमोजिमका अन्य अवस्थामा । | राहदानी वाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको भए तापनि देहायको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिनेछ" भन्ने शब्दहरूको सट्टा "देहायको कुनै अवस्थामा राहदानीको बहाल अवधि बाँकी रहेको भएतापनि उक्त राहदानी रद्द गरी नयाँ राहदानी जारी गर्न सकिने छः-" भन्ने शब्दहरू राखी सोही दफाको खण्ड (क) मा रहेका "च्यातिई," भन्ने शब्दपछि "हराई," भन्ने शब्द थपिएको छ। | भएकोले। |
| ९ | दफा १५ | **राहदानी रद्द गर्न सकिनेः** (१) विभागले देहायको अवस्थामा राहदानी रद्द गर्न<br>(क) राहदानी बाहकले आफ्नो नाममा जारी भएको राहदानी हराएको कुरा विभाग वा नियोगलाई जानकारी गराएमा,<br>(ख) अदालतको आदेशबाट राहदानी रद्द वा खारेज | **९. <u>मूल ऐनको दफा १५ मा संशोधनः</u>**<br>दफा १५ को उपदफा (१) को,-<br>(क) खण्ड (क) मा रहेका "विभाग वा नियोगलाई" भन्ने शब्दहरूको सट्टा "विभाग, नियोग, जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालय वा नेपाल सरकारले तोकेको अन्य निकायलाई" भन्ने शब्दहरू | राहदानीको निवेदन संकलन विभाग, नियोग र जिल्ला प्रशासन कार्यालयबाट समेत हुने भएको हुँदा प्रस्तावित व्यवस्थाको कार्यान्वयनलाई |

| | | | | |
|---|---|---|---|---|
| | | भएमा,<br>(ग) राहदानीबाहक नेपाली नागरिक कायम नरहेमा,<br>(घ) गैरनेपाली नागरिकले राहदानी प्राप्त गरेको प्रमाणित भएमा,<br>(ङ) झुट्टा विवरण पेश गरी राहदानी प्राप्त गरेमा,<br>(च) राहदानीको लागि निवेदन दिई तोकिएको समयभित्र निवेदकले राहदानी नलिएमा ।<br>(२) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम राहदानी रद्द गरिएको जानकारी विभागले नेपाल सरकारको सम्बन्धित निकाय, नेपालस्थित विदेशी नियोग र नेपालस्थित इन्टरपोलको कार्यालयलाई दिनु पर्नेछ ।<br>(३) कुनै नेपाली नागरिकको राहदानी विदेशमा हराई नयाँ राहदानीका लागि नियोगमा निवेदन दिएमा नियोगले राहदानीबाहकको सम्पूर्ण विवरण र राहदानी नम्बर समेत खुलाई हराएको राहदानी रद्द गर्नको लागि विभागमा लेखी पठाउनु पर्नेछ र सोको जानकारी नेपालस्थित अध्यागमन कार्यालय, सम्बन्धित नियोग रहेको मुलुकको विदेश मामिला हेर्ने मन्त्रालय र उक्त मुलुकमा रहेका विदेशी नियोगलाई समेत दिनु पर्नेछ । | राखिएका छन्।<br>(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-<br>"(ङ) राहदानी वाहकले नक्कली, किर्ते, अर्काको नामको वा दोहोरो नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा नाबालक परिचयपत्र प्रयोग गरी वा झुठ्ठा विवरण पेस गरी राहदानी प्राप्त गरेमा,"<br>(ग) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-<br>"(ङ१) अधिकार प्राप्त अधिकारी बाहेक अन्य कसैले राहदानीमा भएको विवरण परिवर्तन गरेमा,"<br>(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-<br>"(२) उपदफा (१) बमोजिम रद्द गरिएको राहदानीको सक्कल प्रति विभागमा उपलब्ध हुन नसकेमा विभागले त्यसरी रद्द गरिएको जानकारी इन्टरपोललाई दिनु पर्नेछ।" | सहज बनाउन। |

| | | | | |
|---|---|---|---|---|
| १० | दफा १६ | **राहदानी प्रयोग गर्नेः** (१) कूटनीतिक तथा विशेष राहदानी प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>(२) कूटनीतिक वा विशेष राहदानीबाहकले उपदफा (१) बमोजिमको प्रयोजन समाप्त भएपछि त्यस्तो राहदानी विभागमा बुझाउनु पर्नेछ ।<br>तर तोकिएको सार्वजनिक पद धारण गरेको व्यक्तिले तोकिए बमोजिमको अवधिसम्म कूटनीतिक वा विशेष राहदानी आफूसँग राख्न सक्नेछ । | **१०. <u>मूल ऐनको दफा १६ मा संशोधनः</u>**<br>दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-<br>"१६. **"<u>कूटनीतिक राहदानी र विशेष राहदानीको प्रयोगः</u>** (१) कूटनीतिक राहदानी र विशेष राहदानी देहायको विदेश भ्रमणको सिलसिलामा बाहेक अन्य काममा प्रयोग गर्न सकिने छैनः-<br>(ङ) सरकारी कामको सिलसिलामा विदेश भ्रमण,<br>(च) खण्ड (क) बमोजिमको भ्रमणमा जाँदा नेपाल नफर्किएसम्म भ्रमण कार्यक्रमका अतिरिक्त बढीमा तीस दिनसम्म गरिने व्यक्तिगत भ्रमण,<br>(छ) नियोगमा कार्यरत कर्मचारीले नियोगबाट रमाना लिई नेपाल नफर्किएसम्म बढीमा नब्बे दिनसम्म गर्ने व्यक्तिगत भ्रमण,<br>(ज) तोकिए बमोजिमका अन्य भ्रमण।<br>(२) कूटनीतिक राहदानी वा विशेष राहदानी प्राप्त गरेको पदाधिकारी वा कर्मचारीले उपदफा (१) बमोजिमको प्रयोजन समाप्त भएपछि वा त्यस्तो पदाधिकारी वा कर्मचारी पदमुक्त भएमा वा निलम्बनमा परेमा निजले त्यस्तो राहदानी तोकिएको अवधिभित्र विभागमा बुझाउनु पर्नेछ।<br>तर तोकिएको सार्वजनिक पद धारण गरेको व्यक्तिले तोकिए बमोजिमको अवधिसम्म कूटनीतिक वा विशेष राहदानी | कुटनीतिक र विशेष राहदानी वहाक व्यक्तिबाट यस प्रकारको राहदानीको प्रयोगमा हुन सक्ने दुरुपयोग रोक्न। |

| | | | | |
|---|---|---|---|---|
| | | | आफूसँग राख्न सक्नेछ।<br>(३) कूटनीतिक वा विशेष राहदानी वाहकले त्यस्तो राहदानीको प्रयोग गर्दा मर्यादित रूपमा आफ्नो ओहोदाको गरिमा रहने गरी तथा नेपालको प्रतिष्ठामा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ।<br>(४) नेपाल सरकारले कूटनीतिक राहदानी, विशेष राहदानी वा सर्भिस राहदानी जुनसुकै बखत फिर्ता लिन वा रद्द गर्न सक्नेछ।" | |
| ११ | दफा १९ | **अस्थायी राहदानी जारी गर्न सकिनेः** विदेशमा रहेको नेपाली नागरिकको राहदानी बहाल रहने अवधि समाप्त भएमा, हराएमा, नासिएमा वा झुत्रो भएको कारणले प्रयोग गर्न नसकिने भई नयाँ राहदानी बनाउनको लागि नियोगमा निवेदन दिएमा निजलाई नयाँ राहदानी जारी नहुन्जेलसम्मका लागि बढीमा नौ महिना अवधिको लागि नियोगले अस्थायी राहदानी जारी गर्न सक्नेछ । | **११. <u>मूल ऐनको दफा १९ मा संशोधनः</u>**<br>दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-<br>१९. **<u>अस्थायी राहदानी जारी गर्न सक्नेः</u>** (१ विभागले देहायको अवस्थामा दुई वर्ष अवधिको अस्थायी राहदानी जारी गर्न सक्नेछ :-<br>(घ) दफा १० बमोजिम राहदानीको लागि निवेदन दिन निवेदक आफैं सम्बन्धित निकायमा उपस्थित हुन नसकेमा,<br>(ङ) कुनै नेपाली नागरिकको नाबालक छोरा वा छोरी विदेशमा गई बसेको र निज सोह्र वर्ष उमेर पुगी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिनसकेको अवस्थामा निजले विदेशी मुलुकको नागरिकता नलिएको तथा विदेशी नागरिकता प्राप्तिको लागि निवेदन नदिएको | विभिन्न परिस्थितमा तत्काल राहदानी बनाउन समस्या भएको अवस्थामा अस्थायी राहदानी बनाइ जारी गर्नु पर्ने भएको हुँदा। |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रमाण सहित निवेदन दिएमा,<br>(ग) दफा २० को उपदफा (२) बमोजिम नाबालक परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र बनाउन नसकेको कारण जनाई निवेदन दिएमा। ।<br>(२) उपदफा (१) बमोजिमको अस्थायी राहदानी लिन चाहने नेपाली नागरिकले तोकिए बमोजिमका कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा विभाग वा नियोगमा निवेदन दिनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गर्दा अस्थायी राहदानी जारी गर्न मिल्ने देखिएमा विभागले त्यसको अभिलेख राखी अस्थायी राहदानी जारी गर्नेछ।" | |
| १२ | दफा २० | **विशेष अवस्थामा जारी गर्ने राहदानीः** (१) कुनै नेपाली नागरिकको नावालक छोरा वा छोरी विदेशमा गई बसेको र निज सोह्र वर्ष उमेर पुगी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिनसकेको अवस्थामा निजले विदेशी मुलुकको नागरिकता नलिएको तथा विदेशी नागरिकता प्राप्तिको लागि निवेदन नदिएको प्रमाण सहित तोकिए बमोजिमका कागजात संलग्न गरी निवेदन दिएमा नियोगले बढीमा दुई वर्षको अवधि रहने गरी एक पटक निजका नाममा साधारण राहदानी जारी गर्न सक्नेछ ।<br>तर काबुबाहिरको परिस्थिति परी निजले नेपाली नागरिकताको प्रमाणपत्र लिन नसकेको कारण | **१२. <u>मूल ऐनको दफा २० मा संशोधनः</u>**<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-<br>"(१) देहायको विशेष अवस्थामा विभागले आवश्यक जाँचबुझ गरी पाँच वर्ष अवधि बहाल रहने गरी साधारण राहदानी जारी गर्न सक्नेछ :-<br>(क) विदेशमा रहने नेपाली नागरिक बाबुबाट विदेशमा जन्मिएका सन्तानको हकमा नियोगले जन्मदर्ता वा अस्थायी दर्ता गरी दिएको दर्ता नम्बरलाई नाबालक परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको स्थानमा प्रयोग गरी | विशेष अवस्था परेका नेपाली नागरिकको राहदानी वनाई जारी गर्न सहजिकरण गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | खुलाई निवेदन दिएमा नियोगले निजलाई थप दुई वर्षका लागि साधारण राहदानी जारी गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो राहदानीबाहकले नेपाली नागरिकताको प्रमाणपत्र लिई साधारण राहदानी लिइसक्नु पर्नेछ । | नियोगमा निवेदन दिएमा,<br>(ख) नेपाली नागरिक आमा र विदेशी बाबुबाट विदेशमा जन्मिएका सन्तानको हकमा बाबु नागरिक रहेको मुलुकले राहदानी जारी नगरेको भनी आमाले गरेको स्वःघोषणाको आधारमा नियोगले जन्मदर्ता वा अस्थायी दर्ता गरी दिएको दर्ता नम्बरलाई नाबालक परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको स्थानमा प्रयोग गरी नियोगमा निवेदन दिएमा,<br>(ग) विदेशमा रहने नेपाली नागरिक आमाबाट विदेशमा जन्मिएको र बाबु पत्ता नलागेको सन्तानको हकमा आमाले गरेको स्वःघोषणाको आधारमा नियोगले जन्मदर्ता वा अस्थायी दर्ता गरी दिएको दर्ता नम्बरलाई नाबालक परिचयपत्र वा राष्ट्रिय परिचयपत्रको स्थानमा प्रयोग गरी नियोगमा निवेदन दिएमा।"<br>(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-<br>"(२) उपदफा (१) बमोजिम जारी भएको राहदानीको अवधिभित्र नाबालकको अभिभावकले नेपालमा आई नागरिकता सम्बन्धी प्रचलित कानूनबमोजिम नाबालक परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र लिनु पर्नेछ।" | |

| | | | | |
|---|---|---|---|---|
| | | | (३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-<br><br>(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको प्रचलित कानूनबमोजिम नाबालक परिचयपत्र प्राप्त गर्ने योग्यता नपुगेको नाबालकको नाममा राहदानी जारी गरिनेछैन।" | |
| १३ | दफा २१ | **कसूरः** कसैले देहायको कुनै कार्य गरेमा, गर्न लगाएमा वा गर्न सहयोग गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः<br><br>(क) झुट्टा विवरण दिई राहदानी वा यात्रा अनुमतिपत्र लिएमा वा लिन प्रयत्न गरेमा,<br><br>(ख) यस ऐन बमोजिम राहदानी वा यात्रा अनुमतिपत्र नलिई विदेश भ्रमण गरेमा वा गर्ने प्रयत्न गरेमा,<br><br>(ग) नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालना नगरेमा,<br><br>(घ) जुन उद्देश्यको लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यको लागि राहदानीको प्रयोग गरेमा,<br><br>(ङ) आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिएमा वा अर्काको नामको राहदानी प्रयोग गरेमा,<br><br>(च) राहदानीमा भएको फोटो वा विवरण सच्याएमा, | **१३. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u>**<br><br>मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः-<br><br>"२१. **<u>कसुरः</u>** कसैले देहायको कुनै कार्य गरेमा, गर्न लगाएमा वा गर्न सहयोग गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-<br><br>(ञ) नक्कली किर्ते नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा नाबालग परिचयपत्र प्रयोग गरी राहदानी वा यात्रा अनुमतिपत्र लिएमा,<br><br>(ट) अर्काको नामको वा दोहोरो नागरिकता, राष्ट्रिय परिचयपत्र वा नाबालग परिचयपत्र प्रयोग गरी राहदानी लिएमा,<br><br>(ठ) आफ्नो राहदानी अरूलाई प्रयोग गर्न दिएमा वा अर्काको नामको राहदानी प्रयोग गरेमा,<br><br>(ड) अधिकार प्राप्त अधिकारी बाहेक कसैले अन्य व्यक्तिको राहदानी निजको मञ्जुरी नलिई बदनियतपूर्वक नियन्त्रणमा | राहदानी सम्बन्धी कसूरका कारण उत्पन्न भएका कठिनाईलाई हल गर्न आवश्यक देखिएकोले कसूर र सजायमा तादम्यता मिलाउन। |

| | | | | |
|---|---|---|---|---|
| | | (छ) अन्य व्यक्तिको राहदानी निजको मञ्जुरी नलिई बदनियतपूर्वक नियन्त्रणमा राखेमा,<br>(ज) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी अन्य कुनै काम कारबाही गरेमा । | राखेमा,<br>(ढ) एक वर्ष भन्दा बढी जन्म मिति फरक पारी राहदानी प्राप्त गरेमा,<br>(ण) झुट्टा विवरण पेस गरी राहदानी प्राप्त गरेमा,<br>(त) जुन उद्देश्यका लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यको लागि राहदानी प्रयोग गरेमा,<br>(थ) अधिकार प्राप्त अधिकारी बाहेक अन्य कसैले राहदानीमा भएको विवरण परिवर्तन गरेमा,<br>(द) यस ऐनको बर्खिलाप हुने गरी बदनियत पूर्वक अन्य कुनै कार्य गरेमा।" | |
| १४ | दफा २२ | **सजायः** (१) कसैले दफा २१ को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिमको कसूर गरेमा त्यस्तो कसूर गर्नेलाई दुई लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(२) कसैले उपदफा (१) मा लेखिएदेखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा निजलाई पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।<br>(३) उपदफा (१) र (२) मा उल्लिखित सजाय हुने कुनै कसूर गर्न कसैले आदेश दिएमा वा दुरुत्साहन | **१४. <u>मूल ऐनको दफा २२ मा संशोधनः</u>**<br>मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-<br>"**२२. <u>सजायः</u>** (१) दफा २१ बमोजिमको कसुर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछः-<br>(क) खण्ड (क), (ख), (ग), (घ), (छ) वा (ज) बमोजिमको कसुर गर्नेलाई दुई लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय,<br>(ख) खण्ड (ङ) बमोजिमको कसुर गर्नेलाई दश हजार रुपैयाँ जरिबाना, | प्रस्तावित सजायसँग कसूरलाई समेत मिलाउन आवश्यक देखिएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | गरेमा कसूरदारलाई भएसरह र कसूर गर्न सहयोग गर्ने मतियारलाई त्यस्तो कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ । | (ग) खण्ड (च) बमोजिमको कसुर गर्नेलाई एक लाख रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना,<br>(घ) खण्ड (झ) बमोजिमको कसुर गर्नेलाई तीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना।<br>(२) उपदफा (१) मा उल्लिखित सजाय हुने कसुर गर्न कसैले आदेश दिएमा वा दुरूत्साहन गरेमा कसुरदारलाई भए सरह र त्यस्तो कसुरको उद्योग गर्ने वा त्यस्तो कसुर गर्न सहयोग गर्ने मतियारलाई त्यस्तो कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।<br>(३) उपदफा (१) को खण्ड (ख), (ग) वा (घ) बमोजिम सजाय हुने कसुरको हकमा तोकिए बमोजिमको कार्यविधि अवलम्बन गरी विभागको महानिर्देशकले जरिबाना गर्न सक्नेछ।<br>(४) उपदफा (३) बमोजिम विभागको महानिर्देशकले गरेको जरिबानाको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको जानकारी प्राप्त भएको मितिले पैँतीस दिनभित्र विभाग रहेको प्रदेशको उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।" | |
| १५ | दफा २९ | **सरकार वादी हुनेः** यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ। | **१५. <u>मूल ऐनको दफा २९ मा संशोधनः</u>**<br>दफा २९ मा रहेका "यस ऐन अन्तर्गत सजाय हुने कसुर" भन्ने शब्दहरूको सट्टा "दफा २२ को उपदफा (३) बमोजिम महानिर्देशकले जरिबाना गर्न सक्ने कसुर बाहेक | प्रस्तावित कसूर र सजायमा भएका व्यवस्थासँग समान्जस्यता कायम गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | यस ऐन अन्तर्गत सजाय हुने अन्य कसुर" भन्ने शब्दहरू राखिएका छन्। | |